annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ७४ पृष्ठ ८ | काठमाडौं, शनिबार २८ असार २०८२ | श्रावण कृष्णपक्ष द्वितीया नेपाल संवत् ११४५ | SATURDAY, JULY 12, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# जनसंख्यामा व्यापक असन्तुलन, सन्तान थप्न प्रेरित गर्दै सरकार

नेपालमा कुनै बेला विस्फोटक रूपमा जनसंख्या वृद्धि भएको थियो। सन् १९८० देखि १९९० सम्म जनसंख्या वृद्धिदर अत्यधिक रूपमा रह्यो। सरकारले जनसंख्या वृद्धिदर अत्यधिक भएपछि नियन्त्रणको नीति अख्तियार गर्‍यो। दुईभन्दा बढी सन्तान नजन्माउने नीति लियो। तर यो नीतिका कारण नेपालमा जनसंख्या वृद्धिदर ह्वातै घट्यो। अब जनसंख्या असन्तुलनको अवस्थामा पुग्यो। ३४ जिल्ला र ३ सय १९ स्थानीय तहमा जनसंख्या ऋणात्मक हुन पुगेको छ। सरकारले बच्चा नजन्माउन होइन जन्माउन प्रेरित गर्ने नीति ल्याएको छ।

समाचार पृष्ठ २

सुरेन्द्र काफ्ले | *काठमाडौं*
– को रिपोर्ट

जनसंख्याको १० वर्षको औसत वृद्धिदर प्रतिवर्ष
०.९२

कुल प्रजनन दर प्रतिमहिला
१.९४

हिमालका सबै जिल्लासमेत गरी ३४ जिल्ला र ३ सय १९ स्थानीय तहमा जनसंख्या वृद्धिदर
ऋणात्मक

१५ वर्षमुनिका बालबालिकाको संख्या ३४.९ प्रतिशतबाट घटेर
२७.८ प्रतिशत

६० वर्ष माथिको जनसंख्या
१०.२१ प्रतिशत

नवजात शिशु मृत्युदर प्रतिहजार जीवित जन्ममा
२१



शिशु मृत्युदर प्रतिहजार जीवित जन्ममा
२८


बाल मृत्युदर प्रतिहजार जीवित जन्ममा
३३

मातृ मृत्यु अनुपात प्रतिलाख जीवित जन्ममा
१५१

जन्मँदाको लैंगिक अनुपात
११२:१००

## भित्री पृष्ठ


लुम्बिनी विश्वकै बौद्धिक तीर्थस्थल
- पृष्ठ ३


किराँत सभ्यताको साइनो साल्पा पोखरी
- पृष्ठ ४

# पौडेलविरुद्ध अर्को मुद्दा

**काठमाडौं** (अन्नपूर्ण) : राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन कार्यकारी निर्देशक सुनील पौडेलसहित ६ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले तत्कालीन कार्यकारी निर्देशक पौडेलसँगै तत्कालीन निर्देशक सफल श्रेष्ठ, सहायक निर्देशक रमेश पोखरेल, कम्प्युटर इन्जिनियर रामशरण गायक, लेखा अधिकृत नीमबहादुर वली र वर्ल्ड डिस्ट्रिब्युसन नेपाल प्रालिका अध्यक्ष तथा प्रबन्ध निर्देशक अरुण श्रेष्ठलाई प्रतिवादी बनाई शुक्रबार विशेष अदालतमा मुद्दा दायर गरेको हो। उनीहरूविरुद्ध १५ करोड ८८ लाख ५० हजार बिगो माग गरिएको छ।



आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडैलका अनुसार राष्ट्रिय सूचना प्रविधि केन्द्रबाट आर्थिक वर्ष २०७६/०७७ मा गुरुयोजना तयारी गरी हाई कम्प्युट इन्फ्रास्टक्चर खरिदका लागि स्पेसिफिकेसन तथा भ्याटसहित ३० करोड ९९ लाख ९९ हजार ९ सय ९९ रुपैयाँको लागत अनुमान गरिएको थियो। लागत अनुमानपछि बोलपत्र आह्वान गर्दा वर्ल्ड डिस्ट्रिब्युसन नेपाल प्रालि कान्तिपथको भ्याटसहित ३० करोड ६५ लाख ५५ हजार ७ सय ६३ रुपैयाँको बोलपत्र स्वीकृत भएको थियो। केन्द्र र वर्ल्ड डिस्ट्रिब्युसन नेपालबीच २०७६ माघ १५ गते सम्झौता भएको थियो।

तर, केन्द्रका तत्कालीन कार्यकारी निर्देशक रहेका पौडेलसहित प्रतिवादीहरूले आपसी मिलेमतोमा सार्वजनिक संस्थालाई हानिनोक्सानी पुर्‍याउने बदनियतले निर्धारित सर्त तथा मापदण्ड विपरीत २.१ एमजीएचजेठको गुणस्तरहीन प्रोसेसर रहेको स्टोरेज आपूर्ति गरेको अख्तियारको ठहर छ। अख्तियारका अनुसार उनीहरूले झुटा कागजातहरू पेस गरी गराई अस्वाभाविक मूल्य कायम गरी १५ करोड ८८ लाख ५० हजार रुपैयाँ भुक्तानी लिने/दिने काम गरेको आरोपपत्रमा उल्लेख छ। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ समेतको कसुरमा उनीहरूमाथि सजायको माग गरिएको छ।

# अर्थतन्त्रलाई लयमा ल्याउने मौद्रिक नीति

**ममता थापा** | *काठमाडौं*

नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०८२/०८३ का लागि सार्वजनिक गरेको मौद्रिक नीतिले केही हदसम्म अर्थतन्त्र चलायमान गर्ने संकेत देखिएको छ। शुक्रबार सार्वजनिक गरिएको सो नीतिको मुख्य नीतिगत व्यवस्थाले विगत २-३ वर्षदेखि समग्र व्यापार-व्यवसाय, आम जनमानसमा छाएको नैराश्यलाई आशामा जगाउने प्रयास गरेको छ। साना कर्जाहरूदेखि ठूला कर्जाहरूको व्यवस्थापन गर्ने, ब्याजदर यही स्थितिमा रहने अर्थात् ब्याजदर नबढ्ने संकेत दिएको छ। राष्ट्र बैंकका गभर्नर डा. विश्वनाथ पौडेलले ल्याएका पहिलो मौद्रिक नीतिले निजी क्षेत्रको मनोबल बढाउने र अर्थतन्त्रलाई लयमा ढाल्ने प्रयास गरेको सरोकारवालाको भनाइ छ।



हुन पनि गभर्नर डा. पौडेलले मौद्रिक नीति सार्वजनिक गर्ने क्रममा अर्थतन्त्र क्रमश: लयमा फर्कन थालेको, विगत दुई वर्षदेखि संकुचनमा रहेका आर्थिक क्षेत्रहरूसमेत विस्तार भई आर्थिक वृद्धिदर अघिल्लो वर्षको तुलनामा सुधार भएको भन्दै आशा जगाएका छन्। यद्यपि बैंकिङक्षेत्रमा तरलता पर्याप्त रहेको कारण निक्षेप र कर्जाको भारित औसत ब्याजदरहरू घट्दो क्रममा रहेका उनले बताए। 'औसत मुद्रास्फीतिभन्दा निक्षेपको औसत ब्याजदर उच्च रहेको छ। बढ्दो तरलता र घट्दो ब्याजदरको लाभ अर्थतन्त्रले लिन सक्ने स्थितिमा छ। वित्तीय क्षेत्रमा स्थायित्व कायम रहेको छ। तथापि, बैंक तथा वित्तीय संस्थाहरूको निष्क्रिय कर्जा अनुपात तथा गैरबैंकिङ सम्पत्ति र कालोसूचीमा पर्नेहरूको संख्या बढ्दै गएकोले सजग रहनु पर्ने स्थिति छ', गभर्नर पौडेलले भने, 'यस्ता पृष्ठभूमिमा मौद्रिक नीति तर्जुमा गर्दा अन्तर्राष्ट्रिय/ राष्ट्रिय आर्थिक तथा वित्तीय स्थिति एवम् परिदृश्य र यस बैंकको चौथो रणनीतिक योजनालाई आधार बनाइएको छ। नेपाल सरकारको आर्थिक वर्ष २०८२/८३ को बजेट र सोह्रौं योजनालाई समेत ध्यानमा राखिएको छ।' त्यसैगरी, नेपाल सरकारले गठन गरेको उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको प्रतिवेदन, मौद्रिक नीति सुझाव समिति, बैंकिङक्षेत्र सुधार सुझाव कार्यदल र सरोकारवालाहरूबाट प्राप्त राय/ सुझाव समेतलाई मध्यनजर गरी आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीति तर्जुमा गरिएको गभर्नर डा. पौडेलले बताए।

समग्र वित्तीय क्षेत्रमा मौद्रिक नीतिमार्फत एक विस्तारित-उन्मुख र सहुलियतपूर्ण नीति आएको छ। यसले वित्तीय प्रणाली सुधारमा जोड दिने लक्ष्य राखेको छ जुन नेपालको वर्तमान आवश्यकता पनि हो। यसले नीतिगत दर ५ प्रतिशतबाट ४.५ प्रतिशतमा, बैंकदर ६.५ प्रतिशतबाट ६ प्रतिशत र निक्षेप संकलन दर ३ प्रतिशतबाट २.७५ प्रतिशतमा घटाइएको छ।

» बाँकी पृष्ठ ६



Organized by SY Entertainment Co. | Sponsored by SY Panel Nepal, SY Bazzar, SY Enterprises, SY UPVC
※ Miz SY को नाम परिमार्जित गरेर Face of SY बनाइएको हो।